रामग्राम नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ७ रामग्राम, कार्तिक ०४ गते, २०८१ साल संख्या १२

## भाग-२

## किसानसँग मेयर कार्यक्रम सञ्चालन कार्यविधि २०८१

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०७/०४**

**प्रस्तावनाः** तराईको समथर भूभाग नेपालको कृषि क्षेत्रको विकासको निम्ति महत्वपूर्ण भौगोलिक अनुकुलता, वातावरणीय अनुकूलता सहितको सम्भावनाको क्षेत्र हो । प्रविधिको तिब्र विकास, कृषिमा आधुनिकीकरणको लहर, नयाँ प्रविधिप्रति आम किसानहरुको आकर्षणले कृषि आधुनिकीकरण तथा औद्योगीकरण तर्फ उन्मुख हुँदै गएको छ।जनसंख्याको वृद्धि हुँदै गए पनि कृषि पेशामा जनताको आकर्षण नियमित घट्नुले कृषि प्रधान देशमा कृषि उपजको आयात दिनानुदिन बढ्दै गइरहेकोमा, आयातलाई कम गर्न रामग्राम नगरपालिकाले **"किसानसँग मेयर कार्यक्रम"** लाई कार्यान्वयन गर्ने एउटा महत्वपुर्ण कडीको रुपमा लिइएको छ । निर्वाहमुखी कृषि प्रणालीलाई प्रतिस्थापन गरि व्यवसायिक कृषि प्रणालीको स्थापना र विकास गरी कृषिलाई उत्पादन र रोजगारी सँग जोड्दै नगरवासीको जीवनस्तर माथि उठाउने परिकल्पना गरिएको छ । कृषकहरुले भोगिरहेका समस्या तथा कठिनाईहरुलाई सरल, सहज र प्रभावकारी ढँगले समाधान गर्दै स्थानीय सरकार-किसानहरुबीचको सम्बन्ध प्रगाढ बनाउनका लागि "**किसानसँग मेयर कार्यक्रम**" को आवश्यकतालाई ध्यानमा राखी यो कार्यक्रम तय गरिएको छ । रामग्राम नगरपालिकाले तय गरेको **"किसानसँग मेयर कार्यक्रम"** लाई सुव्यवस्थित रुपमा सञ्चालन, व्यवस्थापन तथा नियमन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ बमोजिम यो कार्यविधि निर्माण गरिएको छ ।

### परिच्छेद–१
### प्रारम्भिक

१) **संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम **"किसानसँग मेयर कार्यक्रम संचालन कार्यविधि—२०८१"** रहेको छ ।

(ख) यो कार्यविधि नगर कार्यपालिकावाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएको मितिबाट लागु हुनेछ ।

२) **परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

(क) " **नगरपालिका** " भन्नाले रामग्राम नगरपालिकालाई बुझ्नु पर्दछ ।

(ख) **"नगर प्रमुख"** भन्नाले रामग्राम नगरपालिकाको नगर प्रमुखलाई बुझ्नु पर्दछ ।

(ग) **"नगर उप प्रमुख"** भन्नाले रामग्राम नगरपालिकाको नगर उप प्रमुखलाई बुझ्नु पर्दछ ।

(घ) **"प्रमुख प्रशासकीध अधिकृत"** भन्नाले रामग्राम नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई बुझ्नु पर्दछ ।

(ङ) **"वडा अध्यक्ष"** भन्नाले रामग्राम नगरपालकाको वडा अध्यक्षहरुलाई बुझ्नुपर्छ ।

(च) **"कृषि विकास शाखा"** भन्नाले रामग्राम नगरपालिकाको कृषि विकास शाखालाई बुझ्नु पर्दछ ।

(छ) **"वडा कार्यालय"** भन्नाले रामग्राम नगरपालिकाका १८ वटै वडा कार्यालय बुझ्नुपर्छ ।

(ज) **"कार्यक्रम छनौट समिति"** भन्नाले किसानसँग मेयर कार्यक्रम संचालन कार्यविधि-२०८१ दफा २६ बमोजिम गठित समिति बुझ्नुपर्छ ।

(झ) **"स्थलगत अनुगमन समिति"** भन्नाले किसानसँग मेयर कार्यक्रम संचालन कार्यविधि २०८१ को दफा २५ बमोजिम गठित समिति बुझ्नुपर्छ ।

(ञ) **"कृषि व्यवसाय"** भन्नाले प्रचलित कानुन बमोजिम आधिकारिक निकायमा दर्ता भएका कृषि कम्पनी, कृषि फार्म,

कृषि सहकारी र कृषक समूह समेतलाइ बुझ्नु पर्दछ ।

(ट) **" योजना "** भन्नाले मेयर कृषि कार्यक्रम अन्तर्गत कृषक/कृषक समुह/ कृषि फर्म तथा कृषि सहकारीहरुद्धारा सञ्चालन हुने विभिन्न योजना र कार्यक्रमहरुलाई बुझ्नु पर्दछ ।

## परिच्छेद–२

## किसान सँग मेयर कार्यक्रमको लक्ष्य र उद्देश्य

**३) किसानसँग मेयर कार्यक्रमको लक्ष्य र उदेश्यः**

क) कृषि पेशामा जनताको आकर्षण नियमित घट्नुले कृषि प्रधान देशमा कृषि उपजको आयात दिनानुदिन बढिरहेको अवस्थाको अन्त्य गर्न स्थानीय सरकारहरु आफै उत्पादन कार्यमा अग्रसर भएर आम जनतालाई साथमा लिई आधुनिक कृषि सूचना प्रविधि सहितको कृषि प्रणाली स्थापना गर्नु ।

ख) आधुनिक कृषि सूचना प्रविधि सहितको कृषि प्रणालीलाई **किसानसँग मेयर कार्यक्रम**को रुपमा कृषक समुदायमा आधारित भएर सञ्चालन गर्नु,

ग) कृषिको व्यावसायिकरण गरी गरिबी निवारणमा सहयोग पुर्याउने ।

घ) कृषि उत्पादकत्व वृद्धि गरी बजारीकरणसँग जोड्नु र कृषकको जीवनस्तर माथि उठाउने एउटा महत्वपुर्ण साधनको रुपमा कृषिको विकास गर्नु ।

ङ) कृषिलाई आधुनिक, व्यावसायिक र निर्यातमुखी बनाउने ।

च) कृषिजन्य उद्योगको विकास गरी आन्तरिक वजार तथा निर्यात प्रवर्द्धनमा योगदान पुर्याउने ।

छ) कृषि क्षेत्रमा नयाँ र पुरानो पुस्तालाई जोड्दै सामाजिक अन्तर घुलनशिलता कायम गर्न र छरिएर रहेको परम्परागत कृषि अभ्यासलाई एकिकृत गर्दै आधुनिक कृषि प्रणालीलाई अंगीकार गरी औद्योगिकीकरणको दिशातर्फ अघि बढ्न मद्दत गर्ने ।

ज) विभिन्न बालीको खेती विस्तार गरी र उत्पादित कृषि उपजको विविधीकरण, ब्रान्डिङ तथा बजारीकरणमा जोड दिने ।

झ) परम्मपरागत तथा निर्वाहमुखी खेती प्रणालीलाई निरुत्साहित गर्दै व्यवसायिक तथा आवधिक खेती प्रणालीको विकास गर्ने ।

ञ) विभिन्न प्राकृतिक प्रकोप (असिना, बाढी, डुबान, रोगकीरा तथा आगलागी आदि) बाट बालीनाली नष्ट भएका पिडित कृषकहरुलाई राहत स्वरुप बीउविजन र कृषि सामग्रीमा सहयोग गर्ने ।

## परिच्छेद–३
## कार्यक्रम संचालनका क्षेत्र तथा संभागहरु

४) **कार्यक्रम संचालनका क्षेत्र तथा संभागहरुः** यस कार्यक्रमको देहाय बमोजिमका क्षेत्र तथा संभागहरु रहेका छन्।

४.१) **कृषि विकास तथा प्रवर्द्धनका लागि सिंचाई व्यबस्थापनः**

रामग्राम नगरको कृषि क्षेत्रको समग्र सिचाइको आवश्यकताका आधारमा नगरका सबै वडाहरुमा आवश्यक पर्ने सिंचाईको लागि डिप बोरिङ्ग निर्माण तथा मर्मत सम्भार, कच्ची तथा पक्की कुलो निर्माण तथा मर्मत सम्भार, सिंचाईको लागि पोखरी इनार तथा जलाशय निर्माण लगायत थोपा सिंचाई प्रविधि, लिफट सिंचाई तथा सौर्य उर्जा प्रविधिहरुको प्रयोग गर्दै कृषियोग्य जमिनको सिंचाई व्यवस्थापन गरिनेछ ।

४.२) **बालीको प्रवर्द्धन तथा क्षेत्र विस्तार :**

रामग्राम नगर क्षेत्र भित्रका विभिन्न कृषि बालीको व्यवासयिक खेती प्रणालीको विकास गरी क्षेत्र विस्तार गर्ने ।

४.३) **कृषि उपजको विविधिकरण, प्याकेजिङ्ग, ब्रान्डिङ्ग र बजारीकरण :**

उत्पादित बालीको उपजलाई नविनतम प्रविधिको प्रयोग, विविधीकरण, मूल्य श्रृङ्खला अभिवृद्धिका लागि नगरपालिकाको लोगो सहित प्याकेजिङ्ग तथा ब्रान्डिङ्ग गर्न आवश्यक पर्ने प्याकेट, झोला, बोरा, स्टिकर, यन्त्र तथा उपकरणमा कृषकहरुलाई अनुदान दिई e-commerce मार्फत समेत बजारीकरण गरिने छ ।

४.४) **कृषि यान्त्रीकरण**

व्यावसायिक तथा सघन खेतीको उत्पादन र उत्पादकत्व वृद्धिका लागि आवश्यक पर्ने यन्त्र उपकरण तथा मेशिनरी औजारमा अनुदान उपलब्ध गराई कृषकहरुको उत्पादन लागत कम गरी आर्थिक उन्नतीमा टेवा पुर्याउने ।

४.५) **कृषक प्रोत्साहनः** नगर क्षेत्रका कृषकहरुलाई कृषि पेशामा निरन्तरता दिई श्रम, लागत, समय, स्रोत व्यवस्थापन गर्न स्थलगत अनुगमनका आधारमा कृषकककको आवश्यकता अनुसार सामान्य वस्तुगत सहयोग गरिनेछ ।

४.६) **कृषकहरुलाई राहत कार्यक्रमः** विभिन्न प्राकृतिक प्रकोपका कारण कृषकहरुको बालीनाली नष्ट हुन्छ । यसरी वाली नष्ट भएको कृषकहरुलाई बीउविजन, आवश्यक कृषि सामग्री उपलब्ध गराइनेछ ।

४.७) **मलखाद तथा माटो व्यवस्थापन :**

माटोको उर्वराशक्ति कायम राख्न माटो परीक्षण गर्ने लगायत प्राङ्गारिक मल, हरियो मल, गड्यौला मल, कम्पोष्ट मल, जैविक मलको प्रयोग एवं माटो व्यवस्थापन सम्बन्धी विविध कार्यक्रमहरु संचालन गरी कृषकहरुलाई प्राङ्गारिक तथा जैविक खेती गर्न प्रोत्साहन गरिनेछ ।

४.८) **रोगकीरा नियन्त्रणः**

विभिन्न वाली बस्तुमा रोगकीराको समस्या देखा परेमा नगरपालिकाले वाली उपचार, तथा आकस्मिक बाली संरक्षण सेवा संचालन गरी समस्याको पहिचान तथा समाधानका लागि आवश्यक कदम चालिने छ ।

४.९) **बाली विशेष प्रवर्द्धन कार्यक्रम :**

विशेष वाली जस्तै चैते धान, वसन्ते मकै, बेसार/अदुवा (मसलाबाली), च्याउ उत्पादन तथा स्रोत केन्द्र उत्पादन, मौरी (मह) तरकारी, दलहन, मेवा लगायत अन्य फलफूल, पुष्प, जडीबुटी आदि कृषि बालीको खेती विस्तार गरी कृषकहरुको खेती प्रणालीको विविधीकरण गर्नुका साथै कृषकहरुको जोखिम न्यूनीकरणमा जोड दिइनेछ ।

४.१०) **कृषक सम्मान, उत्कृष्ट कृषक पुरस्कारः** कृषकहरुलाई कृषि पेशा व्यवसाय प्रति निरन्तर अभिप्रेरित भई आधुनिक तथा व्यावसायीकरण गर्ने उत्कृष्ट कृषकलाई नगर प्रमुखद्वारा नगरकै उत्कृष्ट कृषक भनी पुरष्कृत गरिनेछ ।

## परिच्छेद – ४

## कार्यक्रम कार्यान्वयन तथा संचालन प्रकिया

**५) कार्यक्रम कार्यान्वयन तथा संचालन प्रकिया**

क) नगर क्षेत्र भित्रका कृषि सहकारी, उपभोक्ता समिति/कृषक समूह/कृषि फर्म, व्यावसायिक कृषकबाट आवेदनका लागि १५ दिने सूचना आव्हान गरिनेछ । यसरी सूचना आव्हान पश्चात प्रस्तावकले अनुसूची ३ अनुसारको ढाँचामा व्यवासयिक योजना भरी अनुसूची २ बमोजिम निवेदन पेश गर्नु पर्नेछ ।

ख) पेश भएका प्रस्तावहरुको परिच्छेद ६ मा भएको व्यवस्था बमोजिम स्थलगत अनुगमन समितिबाट अनुगमन तथा निरीक्षण गरी अन्तिम प्रतिवेदन तयार गरी छनौटका लागि कार्यक्रम छनौट तथा व्यवस्थापन समिति समक्ष पेश गरिनेछ । यसरी पेश भएका प्रस्तावहरु छनौट गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यक्रम छनोट तथा व्यवस्थापन समितिमा रहनेछ ।

ग) सम्झौता अनुसार काम भए नभएको सम्बन्धित प्राविधिकले अनुगमन तथा निरीक्षण गरी योजनाको प्रभावकारीताको सुनिश्चित गरिनेछ ।

घ) कार्यक्रम सम्पन्न भए पश्चात प्राविधिक मूल्याङ्कन, स्थलगत फोटो विल भरपाई संलग्न राखी भुक्तानीका लागि पेश गर्नु पर्नेछ ।

ङ) सम्बन्धित प्राविधिकले दिएको अन्तिम प्रतिवेदन र प्रचलित नियमानुसार हुन आउने करकट्टी गरि बाँकी रकम भुक्तानी गरिनेछ ।

च) परिच्छेद ३ मा जुनसुकै कुरा लेखिएता पनि नगर प्रमुखबाट कृषि फर्म/बाली क्षेत्र अवलोकनका क्रममा कृषकहरुको अपरिहार्य आवश्यकता महशुस भई किसानबाट माग भई आएमा पुँजिगत साधारण यन्त्र तथा उपकरणहरु एकमुष्ठ रुपमा खरिद गरि कृषकहरुलाई प्रोत्साहन स्वरुप उपलब्ध गराउन सकिनेछ ।

## परिच्छेद–५

## किसानसँग मेयर कार्यक्रम संचालनमा अनुदान सम्बन्धी व्यबस्था

**६) अनुदान सम्बन्धी व्यबस्था**

क) कृषि कार्यमा प्रयोग गरिने बीउ,बेर्ना, वाली संरक्षण सम्बन्धी सामग्री, कृषि उत्पादन, प्रशोधन तथा बजारीकरणमा प्रयोग हुने यन्त्र उपकरणहरु, एकमुष्ठ रुपमा कार्यालयले खरिद गरी कृषकहरुलाई उपलब्ध गराउन सक्नेछ ।

ख) नगर प्रमुखबाट कृषकहरुको अनुगमनको क्रममा कृषकहरुको आवश्यकता उपयुक्त देखि अनुगमनकर्ताबाट कृषकहरुको सामान्य आवश्यकता पूरा हुने खालका वस्तुगत/प्रविधिगत सहयोग उपलब्ध गराउन कार्यालयलाई सिफारिस गरेको हुनुपर्नेछ ।

ग) कृषि प्रविधि प्रसार, तालिम,गोष्ठी, कार्यशाला, उत्पादन तथा नतिजा प्रदर्शन जस्ता कार्यक्रमहरु किसान सँग मेयर कार्यक्रम अन्तरगत संचालन गरिनेछ ।

घ) दफा ५को च बमोजिम यन्त्र तथा उपकरण उपलब्ध गराउँदा प्रति यन्त्र तथा उपकरणहरुको कुल लागत रकमको ५० प्रतिशत वा अधिकतम रु.३५०००।– मध्ये कम हुन आउने रकम बराबरको वस्तुगत सहयोग उपलब्ध गराइनेछ । कृषक समूह, कृषि सहकारी, उपभोक्ता समिति, टोल विकास संस्थाले सामूहिक रुपमा कुनै वाली तथा बस्तु उत्पादन, प्रशोधन तथा बिक्री वितरण गर्ने सामूहिक योजना तयार पारी यस कार्यालयमा पेश गरेमा स्थलगत अनुगमन समितिले अवलोकन पश्चात तोकिएको ढाँचामा मूल्याङ्कन गरी कार्यक्रम छनौट तथा व्यवस्थापन समिति समक्ष छनौटका लागि पेश गर्नेछ । कार्यक्रम छनौट समितिबाट छनौट भएमा कुल लागत रकमको ५० प्रतिशत वा अधिकतम रु. ५,००,०००।– मध्ये कम हुन आउने रकम बराबरको अनुदान उपलब्ध गराउन सकिनेछ ।

ङ) यसरी सिफारिस गरिएको व्यावसायिक कृषक/ फर्म / समूह / संस्था/ सहकारी विगत ३ वर्षमा यस नगरपालिकाबाट कुनै पनि अनुदान नलिएको हुनुपर्नेछ ।

## परिच्छेद–६

## किसानसँग मेयर कार्यक्रमको संचालन, अनुगमन, मूल्यांकन र विविध सम्बन्धी व्यवस्था

**७) स्थलगत अनुगमन तथा मूल्याङ्कन समिति**

कार्यक्रम संचालनका लागि स्थलगत अनुगमन, मूल्याङ्कन र निरीक्षण गरी प्रस्ताव मूल्याङ्कन गर्नका लागि देहाय बमोजिमको स्थलगत अनुगमन समिति रहनेछ । यस समितिले कार्यक्रम छनौट समिति समक्ष छनौटका लागि पेश गर्नेछ ।

तपसिल

संयोजकः प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तर कर्मचारी

सदस्यः पुर्वाधार विकास महाशाखा प्रमुख/प्रतिनिधि

सदस्य सचिवः कृषि विकास शाखा प्रमुख

**८) कार्यक्रम छनौट तथा व्यवस्थापन समिति**

८.१ किसानसँग मेयर कृषि कार्यक्रम संचालनका लागि प्रस्ताव छनौट गर्न तथा छनौट भएका कार्यक्रम व्यवस्थापन गर्न तपसिल बमोजिमको कार्यक्रम छनौट तथा व्यवस्थापन समिति रहने छ ।

**तपसिल**

संयोजकः नगर प्रमुख

सदस्यः प्रमुख प्रशासकीय अधिकृत

सदस्यः योजना तथा अनुगमन शाखा प्रमुख

सदस्यः आर्थिक प्रशासन शाखा प्रमुख

सदस्य सचिवः कृषि विकास शाखा प्रमुख

८.२ दफा ८.१ बमोजिम गठित समितिले कार्यक्रमको प्रकृति अनुसार बढीमा २ जना विषय विज्ञलाई अमन्त्रण गर्न सकिनेछ ।

८.३ बहुमत सदस्य उपस्थित भएमा गण पुरक संख्या पुरा मानिने छ ।

८.४ बैठकमा बहुमतले गरेको निर्णय मान्य हुनेछ ।

८.५ समितिको बैठक सम्बन्धि कार्यविधि आफै निर्धारण गर्न सक्नेछ

**९) अनुगमन व्यवस्था**

(क) नगर प्रमुख, अनुगमन समिति, कृषि शाखाबाट आवश्यकता अनुसार अनुगमन गरिनेछ।

(ख) अनुगमनको क्रममा दिईएको निर्देशन र पृष्ठपोषण सम्बन्धित पक्षले अनिवार्य रुपमा पालना गर्नुपर्नेछ ।

**१०) कारबाहीको व्यवस्था**

(क) यस कार्यालबाट किसानसँग मेयर कार्यक्रम अन्तरगत प्रोत्साहन स्वरुप उपलब्ध भएका यन्त्र तथा उपकरणहरु कृषकको लापरबाहीका कारण हराएमा, चोरी भएका, उपयोग नगरिएमा, अन्यत्र बिक्री गरेको पाइएमा वस्तुको मुल्य र मुल्य बमोजिम जरिवाना गरिनेछ ।

(ख) अनुदान रकम दुरुपयोग गरेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरिनेछ ।

**११) बाधा अडकाउ फुकाउ**

(क) यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अडकाउ परेमा सो फुकाउने अधिकार रामग्राम नगर कार्यपालिकामा निहित रहने छ ।

(ख) यो कार्यविधिलाई आवश्यकता अनुसार रामग्राम नगरपालिकाले संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

(ग) प्रचलित नियमानुसार बाझिने कुराहरू स्वतःनिष्कृय हुने छन् ।

अनुसूची -१
सूचनाको ढाँचा

☏०७८- ५२०१९३

स्थानीय सरकार
रामग्राम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय
## परासी, नवलपरासी (ब.सु.प.)
### लुम्विनी प्रदेश,नेपाल

प.सं.:
च.नं.: सूचना प्रकाशित मितिः

**किसानसँग मेयर कार्यक्रम संचालनका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचनाको ढाँचा**

यस रामग्राम नगरपालिकाको चालु आ.व...... को स्वीकृत वार्षिक कृषि कार्यक्रम अन्तरगत किसानसँग मेयर कार्यक्रम संचालन गर्नुपर्ने हुँदा तोकिएको .........क्षेत्र भित्रका इच्छुक कृषि उद्यमी, कृषि फर्म, कृषक समूह तथा कृषि सहकारीले यो सूचना प्रकाशित भएको मितिले १५ दिन (२०..महिना ..... गतेसम्म) भित्र तोकिएको ढाँचामा विवरण भरी देहाय अनुसारका कागजातहरू संलग्न गरी रामग्राम नगरपालिका कृषि विकास शाखामा प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

आवश्यक कागजातहरु ..........................

१. अनुसूची २ बमोजिमको ढाँचामा निवेदन र अनुसूची ३ बमोजिमको ढाँचामा व्यावसायिक योजना ।
२. कृषि उद्यमी/कृषक समूह/ कृषि सहकारीको हकमा दर्ता प्रमाण पत्र र निर्णय प्रतिलिपी ।
३. कृषि फर्म/कृषि उद्यमीको हकमा नागरिकताको प्रमाण पत्रको प्रतिलिपी ।
४. स्थायी लेखा नं (PAN) को प्रतिलिपी ।
५. चालु आ.व. को करचुक्ता/ एकीकृत सम्पती कर तिरेको प्रतिलिपी ।
६. लालपुर्जाको प्रतिलिपी वा जग्गा भाडामा भए करार सम्झौता पत्रको प्रतिलिपी।
७. कार्यक्रम संचालनका लागि तोकिए बमोजिमको लागत साझेदारी व्यहोर्ने प्रतिवद्धता पत्र ।
८. निवेदन शुल्क रु.५० दाखिला गरेको नगदी रसिदको प्रतिलिपी

**नोटः कार्यक्रमको प्राकृति अनुसार कागजातहरु थप घट गर्न सकिने छ।**

**अनुसूची -२**

**निवेदनको ढाँचा**

मिति :

**विषय : प्रस्ताव पेश गरिएको सम्बन्धमा ।**

श्रीमान् प्रमखु प्रशासकीय अधिकृत ज्यू
रामग्राम नगर कार्यपालिकाको कार्यालय
परासी, नवलपरासी (ब.सु.प.)

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति ....................गतेको प्रकाशित सूचना वमोजिम किसानसँग मेयर कार्यक्रम अन्तरगत ..........................................कार्यक्रम संचालनका लागि अनुसूची ३ बमोजिमको ढाँचामा प्रस्ताव भरी तपसिलका कागजातहरु संलग्न राखी यो प्रस्ताव पेश गरेको/गरेका छु/छौं ।

**संलग्न कागजातहरू:**

१.
२.
३.
४.
५.

**निवेदक**

**हस्ताक्षर :**

**नामः**

**पदः**

**ठेगाना :**

**सम्पर्क नं.:**

## अनुसूचीः३
## प्रस्तावित योजनाको ढाँचा

१. फर्म/समूह/सहकारीको संक्षिप्त परिचयः

२. आबेदकको नाम र ठेगाना :

३. कार्यक्रमको नाम :

४. कार्यक्रम संचालन गरिने स्थानः

५. कार्यक्रम सञ्चालनको समयावधिः मिति ..........................देखि ................सम्म

६. कार्यक्रमको अनुमानित कूल लागत रकमः

७. सम्पर्क ब्यक्ति :

८. परियोजना/कार्यक्रमको संक्षिप्त विवरणः

९. कार्यक्रमको उद्देश्यः

१०. लाभान्वित हुने घर धुरि संख्याः प्रत्यक्षः अप्रत्यक्षः

११. जग्गाको क्षेत्रफलः .....विघा ........कठ्ठा .......धुर

१२. कार्यक्रम स्थलमा रहेका पूवार्धाहरुः

१३. प्रस्तावित क्रियाकलापहरु र खर्चको विवरणः

| क.स. | संचालन गरिने क्रियाकलापहरु | परिमाण | अनुमानित दर | कुल लागत | कार्यालयको अनुदान रु | फर्म/समूह/सहकारीको लागत साझेदारी रु | अन्य निकायको साझेदारी रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | |
| २. | | | | | | | | |
| ३. | | | | | | | | |
| जम्मा | | | | | | | | |

१४. कार्यक्रम सञ्चालनमा चुनौती तथा समस्याहरु : छ/ छैन ( भएमा के कस्ता हुन् )

१५. प्रस्तावित कार्यक्रमबाट वातावरणीय प्रभाव : पर्ने/ नपर्ने ( पार्ने भए के के हुन् उल्लेख गर्ने

१६. परियोजना संचालन गर्न लाग्ने जनशक्ति विवरणः

१७. परियोजना संचालन हुने स्थान स्थान : रामग्राम न.पा. वडा नं. ..........टोल ..................

१८. प्रस्तावित कार्यक्रमबाट प्राप्त हुने अनुमानित उपलब्धीहरु के के हुन्?

**निवेदक**

समूह/सहकारी/उद्यमी/फर्मको को नाम :

संस्थाको छापः

निवेदकः

दस्तखत :

सम्पर्क नं :

**आवश्यतानुसार ढाँचामा थपघट गर्न सकिने छ ।**

## अनुसूची -४

## प्रतिवद्धता पत्रको ढाँचा

रामग्राम नगरपालिकाको मिति २०--/--/-- गतेको प्रकाशित सूचना अनुसार किसानसँग मेयर कार्यक्रम संचालन अन्तरगत ........................................................ कार्यक्रम सञ्चालन गर्न इच्छुक भई उक्त कार्यक्रमको लागि आवेदन पेश गरेको/गरेका छु/छौं । उक्त कार्यक्रममा संचालनका लागि छनौट भएमा आवेदनमा उल्लेख भएका र तहाँ कार्यालयले तोके वमोजिमका क्रियाकलापहरु गर्ने छु/छौं । आवेदनमा उल्लेख भए वमोजिम काम नगरेमा वा सम्झौता बमोजिमका सम्पुर्ण क्रियाकलापहरु नगरेमा त्यस कार्यालयबाट प्राप्त अनुदान रकम प्रचलित कानुन बमोजिम सहुला/बुझाउँला ।

आवेदकको तर्फबाट

नाम :

पद :

फर्म/समूह/सहकारीको नाम :

ठेगाना :

सम्पर्क नं. :

दस्तखत :

मिति :

छाप :

इति सम्वत २०-- साल - - महिना - - गते ....रोज शुभम् ।

## अनुसूची -५

## किसानसँग मेयर कार्यक्रमको मूल्याङ्कन फारामको ढाँचा (नमूना)

| क्र.स. | सूचाङ्काका आधारहरु | अधिकतम सम्भाव्य अङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | **विदेशबाट फिर्ता भई कृषिमा संलग्न भए** | **१०** | | |
| क | बैदेशिक रोजगारीबाट फर्की कृषिमा पेसामा संलग्न भए वापत | १० | | |
| ख | स्वदेशका अन्य स्थान तथा अन्य पेशा व्यवसायबाट फर्की कृषि पेसामा संलग्न भए | ५ | | |
| २ | **शैक्षिक योग्यता/तालिम वापत** | **१५** | | |
| क | कृषि विषय लिई TSLC/Diploma तह उत्तीर्ण भई कृषि व्यवसाय संचालन गर्दै आएमा | १० | | |
| ख | कृषि विषय लिई TSLC/Diploma तह भन्दा माथिल्लो तह उत्तीर्ण भई कृषि व्यवसाय संचालन गर्दै आएमा | १५ | | |
| ३ | **विभिन्न प्रकोप तथा महामारीबाट प्रभावित भई स्वदेश फर्किएको भए** | **५** | | |
| ४ | **कृषि व्यवसाय दर्ता गरी कृषि पेसामा संलग्न भएको भए** | **२०** | | |
| क | व्यसाय दर्ता गरी काम गर्दै आएमा | १० | | |
| ख | महिलाले कृषि व्यवसाय दर्ता गरी संचालन गर्दै आएमा | १५ | | |
| ग | एकल महिला/सिमान्तकृत/ दलित वर्गले कृषि व्यवसाय दर्ता गरी संचालन गर्दै आएमा | २० | | |
| ५ | **व्यसाय संचालनको अवधि** | **१५** | | |
| क | व्यवसाय दर्ता गरेको ३ वर्ष सम्म भए | ५ | | |
| ख | व्यवसाय दर्ता गरेको ३-६ वर्ष सम्म भए | १० | | |
| ग | व्यवसाय दर्ता गरेको ६ वर्ष भन्दा बढी भए | १५ | | |
| ६ | **प्रस्तावनाको स्पष्टता** | **२०** | | |
| ७ | **कृषि व्यवसाय दर्ता गरी अन्य व्यक्तिलाई रोजगारी सिर्जजा भए** | **१५** | | |
| क | ३ जनासम्मलाई रोजगारी दिएको भए | ५ | | |
| ख | ३ भन्दा बढी ५ जनासम्मलाई रोजगारी दिएको भए | १० | | |
| ग | ५ जना भन्दा बढीलाई रोजगारी दिएको भए | १५ | | |
| | **जम्मा** | १०० | | |

**अनुसूची -६**

**किसानसँग मेयर  कार्यक्रम संचालनका लागि रामग्राम नगरपालिका र ...........फर्म/समुह/संस्था/सहकारीबीच गरिएको द्धि-पक्षिय सम्झौता पत्रको (ढाँचा)**

**मिति :**

किसानसँग मेयर कार्यक्रम संचालन कार्यविधी २०८१ र रामग्राम नगरपालिकाको मिति ........ गतेको निर्णय बमोजिम ......................... कार्यक्रम अन्तरगतको **................कृषक/उद्यमी/ समूह**/सहकारी रामग्राम न.पा.१.. (यस पछि दोस्रो पक्ष भनिने) र **रामग्राम नगरपालिका,परासी नवलपरासी (ब.सु.प) (यस पछि प्रथम पक्ष भनिने)** बीच देहाय बमोजिमको शर्त पालना गर्ने गरी यो सम्झौता- पत्रमा हस्ताक्षर गरी एक/एक प्रति लियौ/दियौं ।

<u>१)सम्झौता गर्ने पक्ष र परियोजना</u>

**क) किसानसँग मेयर कार्यक्रम अन्तर्गतको कृषक/फर्म/समूह/सहकारी बाट सम्झौता गर्ने आधिकारिक प्रतिनिधि :**

१. नामः

२. प्रतिनिधित्व गर्ने कृषक/फर्म/समूह/सहकारीको नामः

३. ठेगानाः

**ख) कार्यक्रम संचालन स्थलको विवरण**

१) रामग्राम न.पा. .......

ग) कार्यक्रम कार्यान्वयन अवधि

१) संचालन हुने मिति :

२) सम्पन्न हुने मितिः

<u>२) रामग्राम नगरपालिका अन्तर्गत सन्चालन हुने क्रियाकलाप सम्बन्धी विवरणः</u>

क) कार्यक्रमको नामः

ख) कार्यक्रमको किसिम :

ग) कार्यक्रमको कूल लागत रु.

घ) कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुने

१)कृषक परिवार संख्याः

२) जनसंख्या : करिव ....... जना

<u>**३) समुदायः**</u>

४) दलित/जनजाती/विपन्न

<u>४)सम्झौताका शर्तहरुः</u>

४.१ यो सम्झौता पत्र रामग्राम नगरपालिका,नवलपरासी (ब.सु.प) को किसानसँग मेयर कार्यक्रम कार्यान्वयन गर्न ...................... कार्यक्रम अन्तर्गतको..............................................कार्यक्रमका लागि प्रयोग गरिनेछ ।

४.२ सम्झौता पत्रमा हस्ताक्षर गरिने मिति देखि यो सम्झौता प्रारम्भ भएको मानिनेछ।

४.३ दोस्रो पक्षले सम्झौतामा हस्ताक्षर भएपछि तत्काल काम शुरु गर्नु पर्नेछ ।

४.४ दोस्रो पक्षले यस कार्यक्रम संचालका लागि सम्झौता गरिएको क्रियाकलापहरुको लागतमा तोकिएको बमोजिम नगदै वा अन्य किसिमले सहभागिताको सुनिश्चित गर्नु पर्नेछ ।नगरपालिकाले रु.............................. अनुदान स्वरुप उपलब्ध गराउने छ र त्यस **श्री ......................................** लागत सहभागिता स्वरुप रु. ................................ व्यहोर्नु पर्नेछ ।

४.५ दोस्रो पक्षले यस कार्यक्रमको लागि आफ्नै समुहको स्रोत बाहेक **अन्य कुनै सरकारी, गैह सरकारी संघ सस्थाबाट सहयोग, अनुदान** आदि प्राप्त गरेको भए स्पष्ट रुपमा पहिलो पक्षलाई जानकारी गराउनु पर्नेछ ।

४.६ दोस्रो पक्षले योजना/कार्यक्रम अन्तर्गत क्रियाकलापहरु संचालन गर्दा प्रथम पक्षले वा सम्बन्धित प्राविधिकले दिएको निर्देशन अनुसार गर्नु पर्नेछ ।

४.७ दोस्रो पक्षले यस कार्यक्रम अन्तर्गत संचालन भएको क्रियाकलापहरुको कार्य सम्पन्न प्रतिवेदन सम्बन्धित प्राविधिकबाट तयार गरी/गराई प्रत्यक्ष लाभान्वित कृषकहरुको बैठक निर्णयबाट अनुमोदन गराए पश्चात मात्र सम्झौता बमोजिमको अनुदान रकम भुक्तानी दिइनेछ । यसरी भुक्तानी पाउन दोस्रो पक्षले अनिवार्य रुपमा तोकिएको लागत साझेदारी प्रतिशत सहितको काम सम्पन्न प्रतिवेदन पेश गर्नु पर्नेछ ।

४.८ यस परियोजनाको निर्माण/मेशिनरी उपकरण खरीद कार्य सम्झौता पत्रमा तोकिएको अवधि भित्र सम्पन्न गर्नु पर्नेछ।

४.९ प्रथम पक्षले सम्झौता बमोजिम खर्च रकमको बिल भरपाई सहितको कार्य सम्पन्न प्रतिवेदन दोस्रो पक्षबाट प्राप्त भए पश्चात रु..............................मा नियमानुसारको कर कट्टा गरी दोस्रो पक्षलाई रकम चेक मार्फत उपलब्ध गराइने छ वा सम्झौता बमोजिमको पूर्वाधार निर्माणका लागि सामाग्री आपूर्तिकर्तालाई सोझै भुक्तानी दिन सकिने छ। दोस्रो पक्षले भुक्तानी पाउन अनिवार्य रुपमा बिल बिजक पेश गर्नु पर्नेछ ।

४.१०दोस्रो पक्षले लापरबाहिको कारणबाट कार्य सम्पन्न नभई हानी नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

४.११ दोस्रो पक्षले यो सम्झौता बमोजिमको सम्पूर्ण कामकारबाही (व्यवसायिक योजना, डिजाइन, इष्टिमेट अनुसार) सम्पन्न गरी कार्यक्रम/योजना संचालनमा ल्याउनु पर्नेछ।

४.१२ दोस्रो पक्षले कार्यक्रमको निर्माण कार्यमा लागेको खर्च विवरणको सार्वजनिक सुनुवाई प्रथम पक्षको प्रतिनिधि र अन्य सरोकारवालाहरुको उपस्थितिमा गराउनु पर्नेछ ।

४.१३ दोस्रो पक्षले कार्यक्रम/योजनाको निर्माण कार्य शुरु गर्नु भन्दा पूर्व, योजना निर्माण कार्य संचालन हुदै गरेको र कार्यक्रम/योजना सम्पन्न भैसकेपछिको फोटोहरु अन्तिम भुक्तानीको लागि पेश गरिने बिल भरपाइको साथमा अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ ।

४.१४ दोस्रो पक्षले कृषि उत्पादन सहयोगका लागि लिइएको अनुदान रकम योजना निर्माण/मेशिनरी उपकरण खरिद कार्यमा प्रयोग नगरी हिनामिना भएको देखिएमा वा हेलचेक्र्याइँको कारणबाट परियोजनाबाट निर्माण गरिएको पुर्वाधारहरु/मेशिनरी उपकरणहरुको हानी नोक्सानी भएमा प्रचलित नियम कानून बमोजिम दिइएको अनुदान रकम दोस्रो पक्षबाट असुल उपर गरिनेछ ।

४.१५ रामग्राम नगरपालिका,नवलपरासी (ब.सु.प) बाट निरीक्षणमा जाने प्राविधिकलाई निरीक्षण तथा अनुगमनमा दोस्रो पक्षले अनिवार्य रुपमा आवश्यक सहयोग गर्नुका साथै मागेका कागजातहरु देखाउनु पर्नेछ ।

४.१६ कार्यक्रम/योजना सम्पन्न भई हस्तान्तरण भई सकेपछि सोको मर्मत सम्भार सम्बन्धी कार्य दोस्रो पक्ष आफैले गर्नुपर्नेछ।

४.१७ यस कार्यक्रम/योजना कार्यान्वयन सम्बन्धी कुनै विवाद आएमा रामग्राम नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

४.१८ दोस्रो पक्षले समयमा कार्य सम्पन्न गर्न नसकेमा सम्झौता बमोजिमको रकम भुक्तानी दिन प्रथम पक्ष बाध्य हुने छैन ।

४.१९ स्थानीय आवश्यकता अनुसार दुवै पक्षको सहमतिमा माथि उल्लेखित शर्तहरुमा फेरबदल गर्न सकिने छ ।

४.२० अन्य कुनै बुँदामा थपघट गर्नु परेमा दुवै पक्षको आपसी समझदारीमा गरिने छ ।

४.२१ यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यसै बमोजिम र अन्य कुराहरुमा प्रचलित कानून बमोजिम हुनेछ।

**उपरोक्त बमोजिम कार्य गर्न मन्जुर छौ भनी दस्तखत गर्नेः**

| **प्रथम पक्षको तर्फबाट** | **दोस्रो पक्षको तर्फबाट** |
|---|---|
| नामः | नामः |
| पदः प्रमुख प्रशासकीय अधिकृत | पदः अध्यक्ष |
| दस्तखतः | दस्तखत |
| रामग्राम नगरपालिका नवलपरासी (ब.सु.प.) | उद्यमी/समूह/सहकारीको नामः |

**साक्षी (रोहबर)**

| | |
|---|---|
| साक्षी १ | साक्षी ३ |
| नाम : | नाम : |
| पदः शाखा प्रमुख | पदः सचिव |
| दस्तखतः | दस्तखतः |
| साक्षी २ | साक्षी ४ |
| नाम : | नाम : |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |

**प्रमाणीकरण मितिः २०८१/०७/०४**

**आज्ञाले**
**यम बहादुर कुँवर**
**प्रमुख प्रशासकीय अधिकृत**